
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



"एक्सन किङ"को छवि बनाएका अभिनेता तथा निर्देशक निखिल उप्रेती करिब एकदशक लामो अन्तरालपछि फिल्म "आचार्य" मार्फत रजतपटमा फर्किएका छन्। कथा, निर्देशन, निर्माण तथा मुख्य अभिनय गरी ४ महत्वपूर्ण विधा सम्हाल्दै उनले दर्शकमाझ "आचार्य" पस्किएका हुन्। फिल्म गत शुक्रबारबाट प्रदर्शनमा आएको छ। २०७२ (सन् २०१५)मा प्रदर्शनमा आएको "भैरव"को व्यावसायिक सफलतापछि हिट फिल्म दिनैपर्ने चुनौतीले "आचार्य" ल्याउन समय लागेको उनी बताउँछन्।

**आजको विचार...**



डा. पेशल खनाल

फरक...
(दुई पेजमा)



अभिनेता जितु नेपाल पछिल्लो समय चलचित्र "कार्की साइँला"का कारण चर्चामा छन्। राजेन्द्र बस्नेतको निर्देशनमा बनेको यो चलचित्र असोज २ गतेदेखि देशभरका हलमा प्रदर्शनमा आएको हो। चलचित्रमा जितु नेपाल मुख्य भूमिकामा छन्। उनको पात्र "कार्की साइँला"मार्फत गाउँले परिवेश, जीवन संघर्ष, सामाजिक व्यवहार र वैवाहिक सम्बन्धसँग जोडिएका विषयलाई प्रस्तुत गरिएको छ। चलचित्रको टिजर तथा प्रचार सामग्री सार्वजनिक भएपछि जितुको भूमिकालाई लिएर दर्शकमाझ चासो बढेको थियो।

❒ वर्ष ३२ ❒ अंक ७३ ❒ २०८३ असोज १२ गते सोमबार 28 September 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा पहिरोको वितण्डा, पाँचको मृत्यु

***अविरल वर्षापछि पाल्पाका विभिन्न स्थानमा पहिरो र बाढीले ठूलो क्षति पुऱ्याएको छ । पहिरोमा परी जिल्लामा पाँच जनाको मृत्यु भएको छ । पहिरोले घर तथा भौतिक संरचनामा क्षति पुऱ्याउनुका साथै विद्युत् र सञ्चार सेवा समेत प्रभावित बन्न पुगेको छ ।***

**रामचन्द्र रायमाझी**

पाल्पा, ११ असोज/ अविरल वर्षापछि पाल्पाका विभिन्न स्थानमा पहिरो र बाढीले ठूलो क्षति पुऱ्याएको छ । पहिरोमा परी जिल्लामा पाँच जनाको मृत्यु भएको छ । पहिरोले घर तथा भौतिक संरचनामा क्षति पुऱ्याउनुका साथै विद्युत् र सञ्चार सेवा समेत प्रभावित बन्न पुगेको छ ।

पहिरोमा परी माथागढी गाउँपालिकाका ४ जना र रिब्दीकोट गाउँपालिकाका एक जनाको ज्यान गएको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईका अनुसार माथागढी गाउँपालिका वडा नं ३ कसेनी भैसीकट्टाका ७५ वर्षीय लिलबहादुर घर्तिमगर, उनको १७ वर्षिया छोरी दिना घर्ती, छिमेकी मोतिलाल घर्तिको १५ वर्षिया छोरी झरना घर्ती, माथागढी गाउँपालिका-२, रुप्से रजौलीका ७५ वर्षीय शेरबहादुर चिदी र रिब्दीकोट



गाउँपालिका-६, ठिमुरे धुस्तुङकी ५९ वर्षीया कृष्णकुमारी सारुको मृत्यु भएको हो । आईतबार विहान झरेको पहिरोले लिलबहादुर घर्तिमगरको घर पूर्ण रुपमा पुरिएको थियो । घरमा सुतिरहेका बेला पहिरोले पुरिदाँ उनीहरु बेपत्ता भएका थिए ।

सुरक्षाकर्मी र स्थानीयवासीको प्रयासमा उद्धार टोलीले पहिरोबाट उनीहरुको शव निकालेको हो । मृतक मध्ये चिदीलाई घाइते अवस्थामा उद्धार गरी जिल्ला अस्पताल पाल्पामा लगिएकोमा डाक्टरले आइतबार विहान मृत घोषणा गरेका हुन भने अन्यको पहिरोमा पुरिएको अवस्थामा शव निकालिएको हो ।

मृत पाँचै जनाको पोष्टमार्टमको लागि जिल्ला अस्पताल पाल्पामा राखिएको छ । पहिरोले लिलबहादुर घर्तीमगरको घर पुरिँदा घरभित्र सुतिरहेका उनीहरु पुरिएका थिए । माथागढी गाउँपालिका-३, कसेनी भैसीकट्टामा आइतबार बिहान गएको पहिरोले एक घर पूर्णरूपमा पुरेको छ । यस्तै रिब्दीकोट-६ धुस्तुङस्थित गोलफानमा पहिरोले दुईवटा घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । घरभन्दा माथि निर्माण गरिएको नयाँ मोटरबाटोबाट लेदोसहित ढुंगा-माटो बगेर आउँदा स्थानीय केसुराम सारुमगर र रामबहादुर उचईका कच्ची घर पहिरोले ढलाएको हो । रामबहादुरको चार सदस्यीय परिवार भने सकुशल रहेको प्रहरीले जनाएको छ । केसुरामको चार सदस्यीय परिवारमध्ये उनकी श्रीमती कृष्णकुमारीको पहिरोमा परी मृत्यु भएको हो । परिवारका अन्य सदस्य सकुशल रहेका छन् । पहिरोले घर पूर्णरूपमा क्षति पुऱ्याए पनि चौपायामा भने क्षति नभएको प्रहरीले जनाएको छ । यस्तै लगातारको वर्षापछि जिल्लाका विभिन्न स्थानमा पहिरो जाँदा रुख तथा विद्युतका पोल ढलेका छन् । विद्युत् सेवा अवरुद्ध भएपछि शुक्रबार र शनिबार दिनभर नै पाल्पाका अधिकांश स्थानमा सञ्चार सम्पर्कसमेत प्रभावित भएको थियो ।

## संक्षिप्त समाचार

### हेलिकोप्टर दुर्घटनामा चार जनाको मृत्यु

**रासस**

**क्यानडा,** असोज ११/क्यानडाको क्युबेक प्रान्तमा शनिबार हेलिकोप्टर दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । मोन्ट्रियलबाट करिब ५५ किलोमिटर दक्षिणपूर्वमा रहेको सेन्ट-ब्रिजिड-ड'इबर्भिल क्षेत्रमा दिउँसो करिब २:३० बजे दुर्घटनाको सूचना प्रहरीले प्राप्त गरेको थियो । दुर्घटनापछि हेलिकोप्टरमा आगलागी भएको थियो । घटनास्थलमा पुगेका उद्धारकर्मीले करिब एक घण्टाभित्र आगो नियन्त्रणमा लिएका थिए। हेलिकोप्टरमा सवार चारै जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले दुर्घटनामा परेको हेलिकोप्टरको स्वामित्व, त्यसको प्रस्थान तथा गन्तव्यस्थल र मृतकहरूको पहिचानबारे हालसम्म जानकारी सार्वजनिक गरेको छैन । दुर्घटनाको विस्तृत अनुसन्धानका लागि क्यानडाको यातायात सुरक्षा बोर्डले अनुसन्धान टोली घटनास्थलमा पठाएको छ ।

# आज सूचनामा विश्वव्यापी पहुँचको दिवस मनाइँदै




**पाल्पा,** असोज ११/ प्रत्येक वर्ष सेप्टेम्बर २८ का दिन मनाइने सूचनामा विश्वव्यापी पहुँचको लागि अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि आज विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ ।

सन् २०१९ अक्टोबर १५ मा संयुक्त राष्ट्र सैको महासभाको ७४ औं सत्रले यो दिवस मनाउने निर्णय पारित गरेको थियो । युनेस्कोको सिफारिस र विश्वमा लोकतन्त्रका लागि सूचनामा पहुँचको आवश्यकतालाई ध्यानमा राखी संयुक्त राष्ट्र सैको महासभाले यो ऐतिहासिक निर्णय गरेको थियो । त्यसबेलादेखि विश्वभर र नेपालले यो दिवसलाई सम्झनामात्रै नभई सूचनाको हकलाई सर्वसाधारण नागरिकका बीचमा पुऱ्याउने उद्देश्यसहित विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदै आएका राष्ट्रिय सूचना आयोगले जनाएको छ । राष्ट्र संघद्वारा घोषित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा-१९ ले हरेक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रता हुनेछ र आफूले चाहेको बेलामा विनाअवरोध आवश्यक सूचनाको खोजी, प्राप्ति र प्रेषणको अधिकार हुनेछ भन्ने उल्लेख हुनुले सम्पूर्ण मुलुकका सम्बद्ध नागरिकका लागि यो महत्वपूर्ण संवैधानिक प्रावधानका रुपमा स्थापित छ । त्यसैले राष्ट्र संघका बाँकी सदस्य मुलुकहरुलाई पनि सूचनाको हकसम्बन्धी कानुन निर्माणमा बाँकी विश्वले पहल गर्नु आवश्यक छ । नेपालको सन्दर्भ उल्लेख गर्नुपर्दा संविधानका केही धाराले व्यवस्था गरेको सूचना सम्बन्धी कानुनी प्रावधानलाई उद्धृत गर्नु आवश्यक हुन्छ । *-बाँकी अन्तिम पेजमा...*

# पाल्पा उद्योग वाणिज्य संघको ७२ औँ साधारण सभा

**पाल्पा,** असोज ११/पाल्पा उद्योग वाणिज्य संघको ७२ औं वार्षिक साधारण सभा आइतबार तानसेनमा भएको छ । संघले वार्षिक समीक्षा गर्दै साधारण सभा गरेको हो ।




सभामा उद्योगी, व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले निजी क्षेत्रको विकास, उद्योगी-व्यवसायीका समस्या समाधान र स्थानीय आर्थिक गतिविधि विस्तारमा जोड दिएका छन् । कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य मोहनप्रसाद श्रेष्ठले उद्योग तथा व्यवसाय क्षेत्र मुलुकको आर्थिक विकासको महत्वपूर्ण आधार भएको भन्दै उद्योगी-व्यवसायीमैत्री वातावरण निर्माणमा राज्य र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताए । उनले व्यवसाय सञ्चालनमा देखिएका नीतिगत तथा व्यवहारिक समस्या समाधान गर्दै लगानीको वातावरण बनाउनुपर्नेमा जोड दिए । श्रेष्ठले स्थानीय उत्पादन, उद्यमशीलता र रोजगारी सिर्जनालाई प्राथमिकता दिँदै निजी क्षेत्रको विकासका लागि तीनै तहका सरकारसँग उद्योगी-व्यवसायीको सहकार्य आवश्यक रहेको बताए । व्यवसायीलाई प्रोत्साहन गर्ने नीति, सहज कर प्रणाली, बजारको सुनिश्चितता तथा लगानीमैत्री वातावरण निर्माण हुन सके स्थानीय अर्थतन्त्र थप चलायमान बन्ने उनको भनाइ थियो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सूचनाको पहुँच सबैमा पुऱ्याऔं

सूचना आजको समाजको शक्ति हो । मानिसले सही सूचना पाएर आफ्नो धारणा निर्माण गर्छ, निर्णय लिन्छ र सामाजिक, आर्थिक तथा राजनीतिक जीवनमा सक्रिय सहभागिता जनाउँछ । यही तथ्यलाई आत्मसात् गर्दै हरेक वर्ष सेप्टेम्बर २८ मा अन्तर्राष्ट्रिय सूचनामा विश्वव्यापी पहुँचको दिवस मनाइन्छ ।.आज विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाइँदै छ । सन् २०१५ मा युनेस्कोको साधारणसभाले सूचनामा विश्वव्यापी पहुँच आवश्यक मान्दै यसलाई पारित गरेपछि हरेक वर्ष सेप्टेम्बर २८ का दिन यो दिवस मनाइँदै आएको हो । संयुक्त राष्ट्र संघीय महासभाको बैठकले भने सन् २०१९ अक्टोबर १५ का दिन यसलाई पारित गरेको हो । यस दिवसले प्रत्येक नागरिकलाई सार्वजनिक महत्वका सूचनामा सहज, समान र विश्वसनीय पहुँच हुनुपर्ने विषायलाई प्राथमिकताका साथ उठाउँछ।सूचनाको पहुँच लोकतन्त्रको आधारभूत पक्ष हो । राज्यका कामकारबाही, सार्वजनिक स्रोतको उपयोग, नीति–निर्णय र सेवा प्रवाहबारे नागरिकले जानकारी पाउन सके मात्र सरकारलाई जवाफदेही बनाउन सकिन्छ । सूचना लुकाउने वा सीमित व्यक्तिको पहुँचमा मात्र राख्ने प्रवृत्तिले पारदर्शिता कमजोर बनाउँछ भने खुला सूचनाले नागरिकको सहभागिता र निगरानीलाई बलियो बनाउँछ । तर सूचना उपलब्ध हुनु मात्र पर्याप्त छैन । सूचना सही, विश्वसनीय, समयमै र सबैका लागि बुझ्न सकिने हुनुपर्छ । डिजिटल प्रविधिको विस्तारसँगै सूचनाको पहुँच पहिलेभन्दा व्यापक बने पनि डिजिटल विभाजन, इन्टरनेटको असमान पहुँच, भाषागत कठिनाइ, अशक्त व्यक्तिका लागि पहुँचयोग्य सामग्रीको अभाव तथा गलत सूचना आज पनि चुनौतीका रूपमा छन् ।

प्रविधिमा पहुँच भएका र नभएका नागरिकबीचको दूरी घटाउनु अब राज्य तथा सम्बन्धित निकायको महत्वपूर्ण जिम्मेवारी हो । नेपालको सन्दर्भमा पनि सार्वजनिक निकायले नागरिकलाई सूचना उपलब्ध गराउने संस्कारलाई अझ बलियो बनाउन आवश्यक छ । सूचनाको हकलाई कागजमा मात्र सीमित नराखी व्यवहारमा प्रभावकारी बनाउनुपर्छ । सरकारी कार्यालयमा सूचना अधिकारीको भूमिका प्रभावकारी बनाउने, सार्वजनिक दस्तावेजलाई डिजिटल माध्यमबाट सहज रूपमा उपलब्ध गराउने, स्थानीय भाषामा सूचना प्रवाह गर्ने तथा नागरिकले माग गरेको सूचना सरल र समयमै उपलब्ध गराउने व्यवस्था सुदृढ हुनुपर्छ । त्यसैगरी सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ । सूचनाको पहुँच बढ्दै जाँदा अपुष्ट सूचना, भ्रामक सामग्री र गलत समाचार फैलिने जोखिम पनि बढेको छ । त्यसैले सूचना पाउने अधिकारसँगै त्यसको सत्यता जाँच्ने, स्रोत पहिचान गर्ने र जिम्मेवारीपूर्वक सूचना साझा गर्ने संस्कार विकास गर्न आवश्यक छ । अन्तर्राष्ट्रिय सूचनामा विश्वव्यापी पहुँचको दिवस केवल एउटा औपचारिक दिवस होइन, यो सूचना नागरिकको अधिकार हो भन्ने प्रतिबद्धता दोहोऱ्याउने अवसर हो । लोकतन्त्रलाई बलियो बनाउन सूचना खुला हुनुपर्छ, शासनलाई पारदर्शी बनाउन नागरिक जानकार हुनुपर्छ र समावेशी समाज निर्माण गर्न सूचनाको पहुँच सबैसम्म पुऱ्याउन जरुरी छ ।

### Opinion @ Social Network

जो आफ्नो हुनै सक्दैनथ्यो, उसलाई गुमाउन नै राम्रो,
उसको यादमा तड्पिएर रुनु भन्दा,भुलेर मुस्कुराउनु नै राम्रो।
*(कविता दर्लामीको फेसबुक स्टाटसबाट www.facebook.com/Kabita.Darlami)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# फरक पृष्ठभूमिका विद्यार्थी नै विद्यालयमा किन बढी असफल हुन्छन् ?



## डा. पेशल खनाल

विद्यालयले सबै विद्यार्थीलाई सिकाइका लागि समान अवसर दिएको दाबी गर्छ । तर पनि एउटा प्रश्न बारम्बार उठ्ने गर्छ– विद्यालयमा असफल हुने विद्यार्थीको समूहमा फरक मातृभाषा, संस्कृति र सामाजिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू नै किन बढी देखिन्छन् ? यसमा प्राय: सुनिने उत्तर हुन्छ– घरमा पढ्ने वातावरण भएन, अभिभावकले सहयोग गरेनन्, विद्यार्थीले मेहनत गरेन, पढाइमा ध्यान दिएन, क्षमता कमजोर थियो वा शिक्षकले ती विद्यार्थीलाई राम्रोसँग पढाउन सकेनन् । तर यी उत्तरले समस्याको एउटा पाटो मात्र देखाउँछन् । विद्यार्थी असफल हुनुको कारण उसको व्यक्तिगत कमजोरी मात्र हो कि विद्यालयको संरचना, भाषा, पाठ्यक्रम र मूल्यांकन प्रणालीसँग पनि यसको सम्बन्ध छ ? यो प्रश्न नेपालजस्तो भाषिक र सांस्कृतिक विविधता भएको देशमा अझ महत्त्वपूर्ण छ । नेपालमा धेरै अल्पसंख्यक तथा आदिवासी जनजाति समुदाय छन् । उनीहरूका आफ्नै भाषा, संस्कृति, परम्परा र जीवनसँग जोडिएका ज्ञानका समृद्ध संसार छन् । तर गैरनेपाली मातृभाषी र फरक सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू आफ्नै भाषा र सांस्कृतिक ज्ञान लिएर विद्यालय आउँदा फरक किसिमको असहजता महसुस गर्छन् । उनीहरूले विद्यालयको त्यो सानो संसारमा आफ्नो भाषा र संस्कृतिको कुनै गुञ्जायस महसुस गर्दैनन् । उल्टै, आफ्नै भाषा र संस्कृति विद्यालयको सिकाइमा अवरोध बनिरहेको अनुभव गर्न सक्छन् । पूर्वी नेपालका शेर्पा, राई र लिम्बू, मध्यपहाडका तामाङ र गुरूङ, तराईका धिमाल, यादव, थारू र राजवंशी तथा कर्णाली र सुदूरपश्चिमका विभिन्न समुदायका बालबालिकाले विद्यालय प्रवेश गर्नुअघि नै आफ्नो परिवार र समुदायबाट धेरै प्रकारका ज्ञान र अनुभव सिकिसकेका हुन्छन् । तर विद्यालयको औपचारिक पाठ्यक्रम, शिक्षण प्रक्रिया र परीक्षाले यी ज्ञान, भाषा र सांस्कृतिक अनुभवलाई पर्याप्त रूपमा पहिचान र मान्यता दिँदैन । घर र समुदायमा आफ्नो भाषा, संस्कृति, परम्परा, स्थानीय भूगोल, खेतीपाती, प्रकृति र सामुदायिक जीवनबारे सिकेको ज्ञान विद्यालयको ज्ञानप्रणालीसँग जोडिँदैन । फेरि, आफूले जानेको कुरा र आफ्नो जिज्ञासा प्राय: नेपाली वा अंग्रेजीको औपचारिक भाषामा व्यक्त गर्नुपर्छ । यसरी मातृभाषा र सांस्कृतिक अनुभव सिकाइको स्रोत बन्नुको सट्टा सिकाइको बाधकजस्तो बन्न पुग्छ । त्यसैले प्रश्न विद्यार्थी कति जान्छ भन्ने मात्र होइन । उसले जानेको कुरा विद्यालयले ज्ञानका रूपमा चिन्छ कि चिन्दैन भन्ने पनि हो । फ्रेन्च समाजशास्त्री पियरे बोर्दियुले शिक्षा र सामाजिक असमानता बुझ्न यस्तै महत्त्वपूर्ण प्रश्न उठाएका थिए । उनका अनुसार विद्यालय समाजबाट अलग र पूर्णत: तटस्थ संस्था होइन । विद्यालयले समाजको प्रभुत्वमा रहेका केही सीमित भाषा, व्यवहार, संस्कृति र ज्ञानलाई अरूभन्दा बढी मूल्य दिएको हुन सक्छ । परिणामत: समाजमा पहिलेबाट रहेको असमानता विद्यालयमार्फत पुनरूत्पादन भइरहेको हुन्छ ।

**के एउटै पाठ्यक्रम र एउटै शिक्षण नै समानता हो ?**

विद्यालयमा सबै विद्यार्थीका लागि एउटै पाठ्यक्रम, एउटै पाठ्यपुस्तक, समान शिक्षक र शिक्षण तथा समान परीक्षा प्रणाली रहनु हामीलाई समानताको प्रमाणजस्तो लाग्छ । तर सबै विद्यार्थीको पूर्वज्ञान र अनुभव फरक हुन्छ । फलस्वरूप, उनीहरूले एउटै बिन्दुबाट सिकाइ सुरू गर्दैनन् । मानौं कुनै बच्चाको घरमा पुस्तकहरू छन् । अभिभावकले गृहकार्यमा सहयोग गर्छन् । घरमा नेपाली बोलिन्छ । बच्चासँग 'आज के पढ्यौ, त्यो किन भयो, तिमी यससँग सहमत छौ, यसको अर्को उदाहरण के हो जस्ता प्रश्नमा छलफल हुन्छ । उसले सानैदेखि आफ्नो विचार व्यक्त गर्ने, तर्क गर्ने र कारणसहित उत्तर दिने अभ्यास गर्छ । अर्को बच्चाको घरमा यस्तो वातावरण नहुन सक्छ । यसको अर्थ, उसको घरमा सिकाइ र ज्ञानको वातावरण नै छैन भन्ने होइन । परिवारमा स्थानीय भाषा, कथा, उखान, इतिहास, प्रकृति, खेतीपाती, सामाजिक सम्बन्ध र सांस्कृतिक परम्पराबारे प्रशस्त छलफल हुन सक्छ । उसले त्यसैबाट धेरै कुरा सिकेको पनि हुन सक्छ । तर घर र समुदायमा सिकेको यस्तो ज्ञान विद्यालयको सिकाइमा सहज रूपमा आउन नपाउन सक्छ । त्यसमा पनि उसलाई ती ज्ञान विद्यालयले अपेक्षा गर्ने भाषा र शैलीमा व्यक्त गर्न कठिनाइ हुन सक्छ । पूर्वी तराईका धिमाल विद्यार्थीलाई सोचौं । उसलाई खेती, नदी, माटो, वनस्पति, मौसम, स्थानीय भूगोल वा सांस्कृतिक परम्पराबारे आफ्नै जीवनबाट प्रशस्त ज्ञान हासिल भएको हुन्छ । त्यस्तै, थारू विद्यार्थीलाई कृषि र जलव्यवस्थापनबारे, तामाङ वा गुरूङ विद्यार्थीलाई पहाडी भूगोल र स्थानीय जीवनबारे, नेवार विद्यार्थीलाई जात्रा, वास्तुकला र सहरी संस्कृतिबारे, तथा लिम्बू विद्यार्थीलाई मुन्धुम र सामुदायिक स्मृतिबाट प्रकृति, भूमि र सामाजिक सम्बन्धबारे ज्ञान हुन सक्छ । तर विद्यालयको पाठ्यपुस्तक र परीक्षाले यस्ता अनुभवलाई ज्ञानका रूपमा कति ठाउँ दिन्छ ? यदि विद्यालयले पाठ्यपुस्तकमा लेखिएको ज्ञानलाई मात्र औपचारिक ज्ञान मान्छ र विद्यार्थीले घर तथा समुदायबाट ल्याएको ज्ञानलाई केवल 'स्थानीय संस्कृति' का रूपमा अलग राख्छ भने, उनीहरूले आफ्नै संसार र विद्यालयको संसारबीच दुरी अनुभव गर्न सक्छन् । त्यसैले बहुभाषिक विद्यार्थीलाई 'नेपाली कमजो' भनेर मात्र हेर्नु पर्याप्त हुँदैन । यही फरकलाई बोर्दियुको 'सांस्कृतिक पुँजी' को अवधारणाले बुझ्न सहयोग गर्छ । सांस्कृतिक पुँजी भनेको पैसा वा सम्पत्ति होइन । परिवारबाट प्राप्त भाषा, बोल्ने शैली, बानी, सांस्कृतिक जानकारी, रूचि, आत्मविश्वास र व्यवहारजस्ता पारिवारिक वा सामाजिक सिकाइ सांस्कृतिक पुँजीका रूप हुन् । उदाहरणका लागि, विद्यालयले 'आत्मविश्वासी विद्यार्थी' भन्नाले शिक्षकसँग प्रश्न गर्ने, आफ्नो विचार खुलस्त राख्ने, कक्षामा हात उठाउने र तर्कसहित उत्तर दिने विद्यार्थीलाई बुझ्न सक्छ । तर सबै परिवारमा बालबालिकालाई यस्तो व्यवहार गर्न समान रूपमा सिकाइएको हुँदैन । कतिपय संस्कृतिमा ठूला मान्छेलाई बोल्दाबोल्दै बीचमा रोक्नु वा प्रश्न गर्नु राम्रो व्यवहार नमानिन सक्छ । बच्चाले शिक्षकलाई सम्मान गर्ने नाममा चुप लाग्न सिकेको हुन सक्छ । तर त्यही चुपचाप रहने बानी विद्यालयमा 'सहभागिता नभएको' वा 'आत्मविश्वासको कमी' का रूपमा देखिन सक्छ । यसको अर्थ एउटा परिवारको संस्कार राम्रो र अर्कोको खराब भन्ने होइन । प्रश्न यति हो– विद्यालयले कुन प्रकारको व्यवहारलाई 'राम्रो विद्यार्थी' को मापदण्ड बनाएको छ ? बोर्दियुको अर्को महत्त्वपूर्ण अवधारणा 'ह्याबिटस' हो । मानिसले परिवार, वर्ग, समुदाय र सामाजिक अनुभवबाट संसारलाई हेर्ने र व्यवहार गर्ने एउटा विशेष गुण विकास गर्छ । यो नै उसको ह्याबिटस हो । बच्चा विद्यालयमा खाली दिमाग लिएर आउँदैन । ऊ आफ्नो भाषा, संस्कृति, अनुभव, परिवार र समुदायबाट बनेको यही ह्याबिटस लिएर आउँछ । यही ह्याबिटसका कारण कुनै विद्यार्थीका लागि विद्यालयको वातावरण घरकै वातावरणको विस्तार जस्तो हुन्छ । अर्कोका लागि विद्यालय नयाँ भाषा, नयाँ व्यवहार, नयाँ नियम र नयाँ अपेक्षाले भरिएको अपरिचित संसार हुन सक्छ । त्यसैले विद्यालयमा सिकाइको समान अवसर दिइएको छ भने पनि एउटै कक्षामा पढ्ने दुई विद्यार्थीको सिकाइ अनुभव एउटै हुँदैन ।

**भाषा, सामाजिक वर्ग र विद्यालयीय ज्ञान**

सिकाइमा असमानता ल्याउने महत्त्वपूर्ण पक्ष भाषा हो । घरपरिवार र समाजमा बोलिने भाषा र विद्यालयमा प्रयोग हुने भाषाबीचको समानता वा असमानताले विद्यार्थीको सिकाइमा प्रभाव पार्छ । घरमा सिकेको भाषा र विद्यालयमा प्रयोग हुने भाषाबीच जति ठूलो दूरी हुन्छ, त्यति नै विद्यार्थीलाई सिकाइमा कठिनाइ हुन सक्छ । विद्यार्थीले विषयवस्तुसँगै विद्यालयमा प्रयोग हुने भाषा पनि सिक्नुपर्ने हुन्छ । कतिपय विद्यार्थीका लागि मातृभाषा र विद्यालयको भाषाबीचको दूरी यति ठूलो हुन्छ कि उनीहरूले विषयवस्तु बुझ्नुभन्दा पहिले नै त्यसलाई व्यक्त गर्ने भाषा बुझ्न र लेख्न ठूलो संघर्ष गर्नुपर्छ । हाम्रो देशमा १२४ मातृभाषा छन्। मैथिली, भोजपुरी, थारू, तामाङ, नेपालभाषा, लिम्बू, गुरुङ, मगर, शेर्पा, अवधी, बज्जिका, धिमाललगायत विभिन्न भाषिक समुदायका बालबालिका घरमा आफ्नै भाषिक वातावरणमा हुर्किन्छन् । उनीहरू आफ्नै भाषामा सोच्न, बोल्न र आफ्ना अनुभव व्यक्त गर्न सक्षम भएर विद्यालय आउँछन् । तर विद्यालयमा उनीहरूले प्राय: नेपाली वा अंग्रेजीमा सिक्न, लेख्न र परीक्षा दिनुपर्छ । यसले उनीहरूको घरको भाषिक संसार र विद्यालयको भाषिक अपेक्षाबीच दूरी सिर्जना गर्न सक्छ । यहाँ समाजशास्त्री बेसिल बर्नस्टाइनको विचार उपयोगी हुन्छ । उनले सामाजिक परिवेश अनुसार मानिसहरूले प्रयोग गर्ने दुई भाषिक शैली– विस्तारित भाषिक कोड र सीमित भाषिक कोडबारे चर्चा गरेका छन् । यीमध्ये एउटालाई राम्रो र अर्कोलाई खराब भाषा भनेर बुझ्नु हुँदैन । फरक सामाजिक सन्दर्भमा फरक भाषिक शैली अर्थपूर्ण हुन्छन् । उनका अनुसार सामान्यतया मध्यवर्गीय परिवारका बालबालिकाले घरमा विस्तारित भाषिक कोड प्रयोग गर्ने अभ्यास बढी पाउन सक्छन् । यस्ता परिवारमा समान र फरक पुस्ताबीच अन्तरक्रियाको अवसर बढी हुन्छ । फलस्वरूप, बालबालिकाले आफ्ना विचार विस्तारमा व्याख्या गर्ने, कारण दिने र उदाहरण प्रस्तुत गर्ने अभ्यास बढी गर्न सक्छन् । यसको विपरीत कतिपय संस्कृति र खास गरी सीमान्तकृत तथा श्रमिक समुदायका परिवारमा संक्षिप्त, अनौपचारिक र सन्दर्भमा आधारित भाषिक शैली बढी प्रयोग हुन सक्छ । श्रमिक परिवारमा अभिभावकले घरभन्दा बाहिरको काममै बढी समय दिनुपर्ने भएकाले पारिवारिक अन्तरक्रियाको अवसर पनि तुलनात्मक रूपमा कम हुन्छ । तर यसको अर्थ यो अन्तरक्रियाको अवसर र शैलीले नै बालबालिकाको ज्ञान, सोच्ने क्षमता वा आफ्नो कुरा स्पष्ट रूपमा व्यक्त गर्ने क्षमता कम गर्छ भन्ने होइन । विद्यालयको भाषिक संस्कृति र मूल्यांकनका अभ्यासमा प्राय: विस्तारित भाषिक शैलीलाई बढी महत्त्व दिइने भएकाले संक्षिप्त शैलीमा अभ्यस्त विद्यार्थीहरूलाई आफ्नो ज्ञान व्यक्त गर्न थप कठिनाइ हुन सक्छ । एउटा सरल उदाहरणबाट बुझौं । मानौं शिक्षकले सोधे–'मीलाई यो घटना किन मनपऱ्यो ? कारणसहित व्याख्या गर । एउटा विद्यार्थीले तुरून्तै कारण, उदाहरण र निष्कर्षसहित लामो उत्तर दिन सक्छ । अर्कोले 'मनपऱ्यो, राम्रो लाग्यो' भनेर छोटो उत्तर दिन सक्छ । दोस्रो विद्यार्थीलाई घटना राम्ररी थाहा हुन सक्छ र त्यसको आफ्नै जीवन वा समुदायसँग गहिरो सम्बन्ध पनि हुन सक्छ । तर उसले विद्यालयले अपेक्षा गरेको औपचारिक भाषिक ढाँचामा आफ्नो ज्ञान व्यक्त गर्न नसक्न सक्छ । विद्यालयमा भने शिक्षकले पहिलो उत्तरलाई 'बुझेको' र दोस्रोलाई 'कमजोर' भनेर मूल्यांकन गर्न सक्छन् । यसरी भाषिक शैलीमा रहेको भिन्नता ज्ञानको भिन्नताका रूपमा बुझेर मूल्यांकन गर्दा सीमित भाषिक कोडमा अभ्यस्त विद्यार्थी विद्यालयमा कमजोर ठहरिन सक्छन् । ज्ञान कसको ? परीक्षा कसका लागि ? विद्यालयले केवल ज्ञान हस्तान्तरण गर्दैनह यसले कुन ज्ञानलाई महत्त्वपूर्ण, वैध र परीक्षायोग्य मान्ने भन्ने पनि तय गर्छ ।

*-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। विद्यार्थीहरूलाई पठनपाठनमा मन लाग्नेछ।
**वृष** : पारिवारिक समस्याले मन चिन्तित रहनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ।
**मिथुन** : पराक्रमले आँटेका कार्यसम्पादन हुनेछन्। कार्यक्षेत्रमा नयाँ काम हात पर्नेछ।
**कर्कट** : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। आर्थिक पक्ष सफल रहनेछ।
**सिंह** : सञ्चित धनमा वृद्धि हुनेछ। काममा सफलताले उत्साह जाग्नेछ।
**कन्या** : रोजगारमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला।
**तुला**: व्यापारबाट लाभ आर्जन गर्न सकिनेछ। शत्रुहरूले खुट्टा तान्ने छन्।
**वृश्चिक** : कार्यमा सफलता मिल्नेछ। पारिवारिक उल्झनमा समय बित्नेछ।
**धनु** : ज्ञान तर्फ झुकाव रहनेछ। व्यवसायमा पिताको सहयोग मिल्नेछ।
**मकर** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। बोलिको विपरीत अर्थ लाग्नेछ।
**कुम्भ**: मानसम्मानमा वृद्धि हुनेछ। आफन्तहरूबाट उपहार पाइएला।
**मीन** : सवारी साधनमा धन खर्चका योग छन्। योग्यताको उचित मूल्यांकन हुनेछ।

## शिक्षा

# विश्वविद्यालय सभा नबस्दा बजेटविहीन बन्यो देशकै ठूलो प्राज्ञिक थलो

देशकै ठुलो प्राज्ञिक थलो त्रिभुवन विश्वविद्यालय (त्रिवि)को ६७ औँ सभा अर्थात् सिनेट बैठक कहिले बस्ने भन्ने अन्योल देखिएको छ । गत असारमा बस्नुपर्ने सिनेट बैठक बस्न नसक्दा त्रिविको नीतिगत तथा प्रशासनिक कार्य प्रभावित बनेका छन् । पछिल्लोपटक त्रिवि सभा २०८२ असार २६ गते बसेको थियो । विश्वविद्यालयलाई नियमानुसार सञ्चालन गर्न र बजेट स्वीकृतिका लागि सिनेट बैठक बस्नुपर्ने हुन्छ । जसका कारण त्रिविको वार्षिक बजेट, दीक्षान्त समारोहका लागि ग्रेस लिस्ट पारित लगायतका कार्य प्रभावित भएका छन् । बैठक समयमा बस्न नसक्दा विश्वविद्यालयका महत्त्वपूर्ण नीतिगत, वित्तीय र प्रशासनिक कार्यहरू गम्भीर रूपमा प्रभावित भएका छन् । त्रिवि सभा नबस्दा विश्वविद्यालयलाई आवश्यक मार्गदर्शन दिने र समग्र नीति निर्धारण गर्ने कार्य रोकिनुका साथै मातहतका निकाय तथा पदाधिकारीहरूलाई दिनुपर्ने आवश्यक निर्देशन रोकिएका छन् । यस्तै, विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम पारित हुन नसक्दा विकास निर्माण तथा दैनिक कार्य सञ्चालनमा बाधा पुगेको छ भने दीर्घकालीन योजना स्वीकृति, नयाँ नियम पारित गर्ने प्रक्रिया र आवश्यकता अनुसार गठन गरिने विशेष समिति तथा आयोगहरूको काम-कारबाही समेत पूर्ण रूपमा ठप्प बनेको छ । उच्च शिक्षाको ८० प्रतिशत भार बोकेको देशकै पुरानो र ठुलो प्राज्ञिक थलो त्रिभुवन विश्वविद्यालय नीति, कार्यक्रम र बजेटविहीन बनेको छ । नयाँ नेतृत्व आएको लामो समय बितिसक्दा पनि बजेट पारित नहुँदा शिक्षक-कर्मचारीको तलब भत्ता, भौतिक निर्माण, मर्मतसम्भार र भुक्तानी प्रक्रिया ठप्प भएका छन् । सिनेट बैठक रोकिएपछि बजेटसँगै विश्वविद्यालयका प्रमुख प्राज्ञिक र दीर्घकालीन कामहरू समेत प्रभावित भएका छन् । नयाँ अनुसन्धान अघि बढाउने, उच्च शिक्षासम्बन्धी नीति-नियम तर्जुमा गर्ने र नयाँ शैक्षिक कार्यक्रम ल्याउने जस्ता महत्त्वपूर्ण कार्य ठप्प भएका हुन् । गत



असार १८ गते नयाँ उपकुलपति नियुक्त भएका थिए । अहिलेसम्म रिक्त सिनेट सदस्य मनोनयन हुन नसक्दा त्रिविले कस्तो शिक्षालाई प्राथमिकता दिने र उच्च शिक्षाको भावी दिशा के हुने भन्नेबारे अन्योल सिर्जना भएको छ । त्रिवि सभा ४९ सदस्यीय रहने व्यवस्था छ । तर, हालसम्म २१ जना सदस्यमात्रै पूर्ति हुन सकेको छ । त्रिविका प्रवक्ता नविन्द्र भण्डारीले त्रिवि सिनेट अझै नबसेको बताए । उनले भने, 'त्रिवि सभा बसेको छैन । अब बस्नुपर्ने ६७ औँ सभा हो । छिटै बस्ला ।' हाल त्रिविमा ७ हजार ३०३ कर्मचारी र ८ हजार १२२ शिक्षक (अस्थायीसहित) गरी कुल १५ हजार ४२५ जना कार्यरत छन् । केही दिन अघि त्रिवि उपकुलपति प्रा.डा. भोला थापाले विश्वविद्यालयको आन्तरिक बजेट निर्माणका सम्पूर्ण तयारी पूरा भइसकेको र छिटै सिनेट बैठकमार्फत बजेट पारित गरिने बताएका थिए । नवनियुक्त पदाधिकारीहरूले पदभार ग्रहण गरेसँगै बजेटसम्बन्धी आन्तरिक गृहकार्य सम्पन्न गरेर राखिएको उनले जानकारी दिएका थिए । त्रिविको कुलपति प्रधानमन्त्री रहने व्यवस्था छ । त्रिवि सभामा को-को रहने व्यवस्था छ ? त्रिभुवन विश्वविद्यालय ऐन २०४९ (संशोधन २०८२) अनुसार विश्वविद्यालयमा सर्वोच्च निकायका रूपमा 'विश्वविद्यालय सभा' रहने व्यवस्था गरिएको छ । सभाको नेतृत्व (अध्यक्ष) कुलपतिले गर्नेछन् भने सह-कुलपति उपाध्यक्ष र उप-कुलपति सदस्य रहनेछन् । सभाको सदस्य-सचिवको जिम्मेवारी शिक्षाध्यक्षलाई दिइएको छ । यसका साथै रजिस्ट्रार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य, भूतपूर्व उप-कुलपतिहरूमध्येबाट एक जना र नेपाल प्रज्ञा प्रतिष्ठान तथा नास्टका पदाधिकारीसहित अन्य विश्वविद्यालयका उप-कुलपतिहरूमध्येबाट दुई जना सदस्य रहने व्यवस्था छ । सभाको संरचनालाई समावेशी र प्राज्ञिक बनाउनका लागि विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिएको छ । यसअन्तर्गत अध्ययन संस्थान तथा संकायका डीनहरू, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू, विभागका प्रमुखहरूमध्येबाट पाँच जना, आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसका प्रमुखहरू र कम्तीमा १५ वर्ष स्थायी सेवा गरेका शिक्षकहरूमध्येबाट समानुपातिक एकल सङ्क्रमणीय मतका आधारमा निर्वाचित पाँच जना शिक्षक समावेश हुनेछन् । विश्वविद्यालय सभामा पदेन र निर्वाचित सदस्यहरू बाहेकका अन्य सदस्यहरूको मनोनयन प्रक्रियालाई पनि स्पष्ट पारिएको छ । ऐनअनुसार निर्वाचित तथा पदेन सदस्यहरूबाहेकका अन्य सदस्यहरूको मनोनयन कार्यकारी परिषद्को सिफारिसमा कुलपतिबाट हुनेछ । यसरी विश्वविद्यालयको नीति निर्माण, शैक्षिक तथा प्रशासनिक दिशा निर्देश गर्नका लागि विभिन्न सरोकारवाला निकाय, प्राध्यापक, विद्यार्थी, कर्मचारी तथा विशेषज्ञहरूको प्रतिनिधित्व रहने गरी उच्चस्तरीय सभा गठन हुने कानुनी प्रावधान छ । सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्ने प्रावधान छ ।

*-रातोपाटी डटकम*

# मैथिलीमा अनुवादित महाभारत पढ्न पूर्वउपराष्ट्रपति झाको आग्रह

प्रथम उपराष्ट्रपति परमानन्द झाले मैथिली भाषामा अनुवादित 'सम्पूर्ण महाभारत' ग्रन्थ मैथिली भाषाभाषीको घर-घरमा पुर्याउनुपर्ने बताएका छन् । मैथिली गद्यमा अर्चना झाद्वारा अनुवादित 'सम्पूर्ण महाभारत' ग्रन्थको विमोचन कार्यक्रममा बोल्दै झाले महाभारत सनातन धर्मावलम्बीका लागि महत्वपूर्ण ग्रन्थ रहेको उल्लेख गर्दै यसको मैथिली भाषामा अनुवाद हुनु महत्वपूर्ण उपलब्धि भएको बताए । उनले महाभारतलाई 'पाँचौं वेद'का रूपमा समेत मानिने उल्लेख गर्दै यति कठिन र महत्वपूर्ण ग्रन्थलाई मैथिली भाषामा सरल र रोचक ढंगले अनुवाद गरेकोमा अनुवादक अर्चना झालाई धन्यवाद दिए । झाले आफूले पुस्तकको सम्पूर्ण भाग पढ्न नसके पनि करिब चार सयदेखि साढे चार सय पृष्ठ अध्ययन गरेको र मैथिलीमा गरिएको अनुवाद निकै रोचक तथा सरल पाएको बताए । महाभारतका गूढ विषयवस्तुलाई समेत



अनुवादकले सहज भाषामा प्रस्तुत गरेको उनको भनाइ थियो । 'महाभारत कथा नै कथाले भरिएको रोचक पुस्तक हो,' झाले भने, 'यसलाई सबैले कम्तीमा एकपटक अवश्य पढ्नुपर्छ ।' झाले मैथिली भाषामा अनुवादित महाभारत अन्य भाषाका संस्करणभन्दा कम रोचक नरहेको समेत बताए । आफूले हिन्दी भाषामा रहेको महाभारतको टीका पढ्दा प्राप्त गरेको आनन्द मैथिली भाषामा अनुवादित महाभारत पढ्दा पनि प्राप्त भएको उनले उल्लेख गरे । उनले रामायणलाई नेपाली भाषामा अनुवाद गरेका आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्यमा महत्वपूर्ण स्थान बनाएझैं अर्चना झाले मैथिली भाषामा गरेको महाभारतको अनुवादले पनि भविष्यमा महत्वपूर्ण स्थान हासिल गर्ने विश्वास व्यक्त गरे । मैथिली भाषाभाषीको घर-घरमा पुस्तक पुग्नुपर्ने बताउँदै झाले यसको अध्ययनले धार्मिक तथा आध्यात्मिक चेतना अभिवृद्धिमा सहयोग पुग्ने धारणा राखे ।

*-हाम्रा कुरा डटकम*

# फरक पृष्ठभूमिका विद्यार्थी नै...

...त्यसैले शिक्षा र परीक्षा केवल सिकाइ र मूल्यांकनका तटस्थ माध्यम होइनन् । तिनमा भाषा, संस्कृति, सामाजिक वर्ग र शक्ति सम्बन्ध पनि जोडिएका हुन्छन् । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक समाजमा प्रश्न अझ गम्भीर हुन्छ– विद्यालयमा कसको ज्ञानलाई मान्यता दिइन्छ, कसको भाषालाई प्राथमिकता दिइन्छ, र कसको ज्ञानलाई सफलताको मापदण्ड बनाइन्छ ? यहाँ फ्रान्सेली दार्शनिक मिशेल फुकोको विचार उपयोगी हुन्छ । फुकोले ज्ञान र शक्तिको सम्बन्धलाई गहिरोसँग विश्लेषण गरेका छन् । उनका अनुसार समाजमा कुन कुरा 'सत्य' वा 'वैध ज्ञान' हो भन्ने निर्णय आफैमा शक्ति सम्बन्धसँग जोडिएको हुन्छ । विद्यालयले कुन ज्ञान पढाउने, कुन इतिहास पढाउने, कुन भाषालाई औपचारिक बनाउने र कुन ज्ञानलाई परीक्षामा सोध्ने भन्ने निर्णय गर्छ । त्यसैले शिक्षाकर्मी र चिन्तकले सोध्नैपर्छ– पाठ्यपुस्तकमा कसको इतिहास छ ? कसको भाषा छ ? कसको संस्कृति छ ? कसको ज्ञानलाई वैधानिक मानिएको छ ? र कसको ज्ञान केवल परम्परा वा लोकविश्वास बनेर बसेको छ ? नेपालको सन्दर्भमा यी प्रश्न अझ महत्त्वपूर्ण छन् । हिमाली समुदायको स्थानीय वातावरण सम्बन्धी ज्ञान, थारू समुदायको कृषि तथा जल सम्बन्धी अनुभव, धिमाल समुदायको स्थानीय प्रकृति र जीवनसँगको सम्बन्ध, तामाङ तथा गुरूङ समुदायका मौखिक इतिहास, नेवार समुदायको वास्तुकला र सहरी जीवन सम्बन्धी ज्ञान वा लिम्बू समुदायको मुन्धुममा रहेको प्रकृति र सामाजिक सम्बन्ध सम्बन्धी ज्ञान–यी सबै विद्यार्थीका लागि सिकाइका स्रोत बन्न सक्छन् । तर विद्यालयले यस्ता ज्ञानलाई पाठ्यक्रममा अटाउँदैन भने त्यसले सामाजिक न्यायलाई नजानिँदो गरी बिथोल्न सक्छ । अझै बुझ्नुपर्ने कुरा भनेको विद्यालयले लिने परीक्षा पूर्णत: तटस्थ उपकरण हुँदै होइन । परीक्षाले ज्ञान नाप्छ, तर त्यसले विद्यार्थीलाई वर्गीकृत पनि गर्छ– मेधावी, औसत, कमजोर, उत्तीर्ण र अनुत्तीर्ण । एक विद्यार्थीले कम अंक पायो भने हामी प्राय: भन्छौं– उसको क्षमता कम रहेछ । तर कम अंक आउनुमा विषयवस्तुको ज्ञानसँगै भाषा, लेख्ने शैली, परीक्षाको ढाँचा, घरको शैक्षिक वातावरण र विद्यालयको अपेक्षासँगको परिचितताले पनि भूमिका खेलेको हुन सक्छ । यसलाई पियरे बोर्दियुको 'प्रतीकात्मक हिंसा' को अवधारणासँग जोड्न सकिन्छ । जब समाजमा शक्तिशाली वा प्रभुत्वशाली समूहको भाषा, व्यवहार र संस्कृतिलाई 'सामान्य' र 'उत्तम' मापदण्डका रूपमा स्थापित गरिन्छ, त्यस मापदण्डमा कमजोर पर्ने व्यक्तिले आफ्नो कमजोरीलाई थोपरिएको असफलता वा आक्षेपका रूपमा स्वीकार गर्छ। यसरी हाम्रो प्रणालीले कुनै खास क्षमता वा वर्गका विद्यार्थीलाई 'खराब', 'कमजोर' वा 'अनुत्तीर्ण' भनेर सांकेतिक वा प्रतीकात्मक हिंसा गरिरहेको हुन्छ । अचम्म चाहिँ, यस्तो हिंसाले कस्तो वर्गीय र मनोवैज्ञानिक समस्या निम्त्याउँछ भन्ने विषयमा भने शैक्षिक बुद्धिजीवीहरू थाहा पाएरै पनि मौन रहन्छन्, किन ? विद्यालयमा प्रवेश गर्नेबित्तिकै प्रतीकात्मक हिंसा यत्रतत्र देखिन्छ । शिक्षक भनिरहेका हुन्छन् – अंग्रेजी कमजोर छ, मेहनत गरेन । घरमा पुस्तक छैन, पढ्ने बानी छैन । कक्षामा बोल्दैन, आत्मविश्वास छैन । नेपाली राम्रो लेख्न सक्दैन, कमजोर विद्यार्थी हो । यहाँ हामीले सोध्नुपर्ने अनेक प्रश्न छन्– उसलाई ती अवसर र अभ्यासहरू कति उपलब्ध थिए ? कतै हाम्रो संरचनात्मक असमानताले नै व्यक्तिगत असफलता निम्त्याएको त होइन ? इत्यादि । तर सबैभन्दा ठूलो प्रश्न हो– के यस्तो प्रतीकात्मक हिंसाले निम्त्याउने सबै अवाञ्छित परिणामको जिम्मेवारी हामी नीतिनिर्माता र शिक्षाकर्मीले बोक्नुपर्दैन ? विद्यार्थीलाई मात्र होइन, विद्यालयलाई पनि हेर्ने बेला विद्यार्थीको सफलता बुझ्न उसको मेहनत र क्षमतासँगै विद्यालयले निर्माण गर्ने अवसर र अपेक्षा पनि हेर्नुपर्छ । यसको अर्थ विद्यार्थीको मेहनत, प्रतिभा र व्यक्तिगत जिम्मेवारीको कुनै भूमिका छैन भन्ने होइन । पक्कै छ । सबै कुरा सामाजिक संरचनाले निर्धारण गर्छ भन्ने पनि होइन । तर 'मेहनत गर्‍यो, त्यसैले सफल भयो' भन्ने सरल व्याख्या मात्र पर्याप्त छैन । प्रश्न यो हो– कसको मेहनतलाई विद्यालयले सजिलै पहिचान गर्छ र पुरस्कार दिन्छ ? एउटा बच्चा विद्यालयले अपेक्षा गरेको भाषा, व्यवहार र अध्ययन संस्कार लिएर आउँछ । अर्को बच्चाले विषयवस्तुसँगै विद्यालयको भाषा, व्यवहार र परीक्षा संस्कृति समेत सिक्नुपर्छ । पहिलो बच्चाले विद्यालयमा पाठ सिके पुग्छ दोस्रोले पाठसँगै विद्यालयमा सफल हुने तरिका पनि सिक्नुपर्छ । यही फरकले शैक्षिक असमानता पैदा गरेको हुन्छ । विद्यालयले विद्यार्थीका फरक भाषा, अनुभव र सामाजिक पृष्ठभूमि कसरी स्वीकार र मूल्यांकन गर्छ भन्ने कुराले शैक्षिक असमानता घटाउन वा बढाउन सक्छ । नेपालमा गरिब परिवारका बालबालिका, ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थी, फरक मातृभाषा भएका विद्यार्थी, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायका विद्यार्थी, अपांगता भएका बालबालिका र परिवारमा पहिलो पटक विद्यालय वा उच्च शिक्षामा प्रवेश गर्ने विद्यार्थीले विभिन्न प्रकारका अतिरिक्त अवरोध सामना गरिरहेका हुन्छन् । यो अतिरिक्त संघर्ष नबुझेर उल्टै विद्यालयले उसलाई अरूजस्तो राम्रोसँग सिक्न सकेन भनेर गाली गरिरहेका हुन्छन् । त्यसो भए समाधान के त ? समाधान विद्यालयलाई दोष दिनु मात्र होइन । विद्यालयले चाहेमा शिक्षण र मूल्यांकन नै यही असमानता घटाउने शक्तिशाली माध्यम बन्न सक्छ । बहुभाषिक विद्यार्थीको मातृभाषालाई कमजोरी होइन, सिकाइको पुल बनाउन सकिन्छ । स्थानीय कथा, इतिहास, कृषि, वातावरण, संस्कृति र समुदायको ज्ञानलाई पाठ्यक्रम र सिकाइसँग जोड्न सकिन्छ । विद्यार्थीलाई औपचारिक शैक्षिक भाषा सिकाउनुपर्छ, तर उसको घरको भाषा कमजोर देखाएर होइन । परीक्षामा एउटै भाषिक शैलीमा मात्र उत्तर लेख्न बाध्य पार्नुको सट्टा विद्यार्थीले विभिन्न तरिकाबाट आफ्नो बुझाइ प्रस्तुत गर्न सक्ने मूल्यांकनका बहुआयामिक अवसर दिन सकिन्छ । शिक्षकले 'यो विद्यार्थीलाई थाहा छैन' भन्नुअघि 'यसले आफ्नो ज्ञान कसरी व्यक्त गरिरहेको छ' भनेर सोच्न सक्छन् । समानता भनेको सबैलाई एउटै कुरा दिनु मात्र होइन । फरक सुरूआती अवस्था बुझेर सफल हुन आवश्यक अवसर र सहयोग उपलब्ध गराउनु पनि समानता हो । त्यसैले विद्यार्थीको असफलता केवल व्यक्तिगत कमजोरीका रूपमा होइन, विद्यार्थी र विद्यालयबीचको सम्बन्ध तथा संरचनात्मक असमानताको सन्दर्भमा बुझ्न आवश्यक छ । असफल विद्यार्थीको सवाललाई हेर्दा अब एउटा प्रश्न थप्नैपर्छ– विद्यार्थी असफल भयो कि विद्यालयले उसको ज्ञान, भाषा र अनुभवलाई सफलताको मापदण्डमा समेट्न सकेन ? सैद्धान्तिक विश्लेषणको सारमा हेर्दा विद्यालयमा हुने सिकाइ असमानता, असफलता र प्रतीकात्मक हिंसा बुझ्न बोर्दियुले सांस्कृतिक पुँजी र सामाजिक पुनरूत्पादनको कुरा गर्छन् । बर्नस्टाइनले भाषा र विद्यालयबीचको सम्बन्ध देखाउँछन् । फुकोले ज्ञान, शक्ति र विद्यार्थीको वर्गीकरणबीचको सम्बन्ध बुझ्न सहयोग गर्छन् । यी विचारलाई नेपालको सन्दर्भमा राख्दा एउटा महत्त्वपूर्ण कुरा देखिन्छ– विद्यार्थी विद्यालयमा केवल आ्नो 'क्षमता' लिएर आउँदैन । ऊ आफ्नो भाषा, संस्कृति, परिवार, अनुभव, सामाजिक सम्बन्ध र ज्ञानसहित आउँछ । विद्यालयले यी स्रोतलाई मान्यता दिन्छ कि दिँदैन भन्ने कुराले उसको शैक्षिक यात्रामा फरक पार्न सक्छ । त्यसैले हामीले केवल विद्यार्थीले किन पढेन भनेर सोधेर पुग्दैन । विद्यालयले कुन भाषा र ज्ञानलाई मूल्यवान् ठहर गर्‍यो भन्ने प्रश्न पनि सोध्नुपर्छ । किनकि कहिलेकाहीं समस्या विद्यार्थीमा मात्र हुँदैन । मूल समस्या विद्यार्थीले बोकेर आएको ज्ञान र विद्यालयले मूल्यवान ठानेको ज्ञानबीचको दुरीमा हुन्छ । यसैले फरक भाषा र संस्कृतिका विद्यार्थीहरू विद्यालयमा बढी असफल हुनुको कारण उनीहरूमा क्षमता वा मेहनतको कमी मात्र होइन । विद्यालयको भाषा, ज्ञान, मूल्यांकन र संस्कृतिसँग उनीहरूले घर र समुदायबाट लिएर आएको भाषिक तथा सांस्कृतिक ज्ञानबीचको बेमेल पनि यसको एउटा महत्त्वपूर्ण कारण हो ।

*-सेतोपाटी डटकम*

# आज 'विश्व रेबिज दिवस', नेपालमा पनि मनाइँदै



**पाल्पा,** असोज ११/ विश्व रेबिजविरुद्धको दिवस आज नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदैछ । रेबिज रोकथाम र यस रोगविरुद्धमा भइरहेको प्रगतिको जागरुकता जगाउनका लागि हरेक वर्ष सेप्टेम्बर २८ लाई विश्व रेबिज दिवसको रुपमा मनाइन्छ । रेविजविरुद्व पहिलो पटक प्रभावकारी खोपको विकास गर्ने वैज्ञानिक लुईस पाश्चरको निधन भएको दिन सेप्टेम्बर २८ मा उनको योगदानलाई स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।

रेविज रोग, रेविज लागेका कुकुर, स्याल, बिरालो लगायतका पशुको टोकाईबाट मानिस र अरु स्तनधारी प्राणीमा सर्ने प्राणघातक रोग हो । रोगका जिवाणुहरु रोगी पशुको ऱ्यालमा रहने भएकाले त्यस्ता पशुले टोक्दा घाउसँगै मानिसको शरीरमा प्रवेश गरी रोग उत्पन्न गर्छन् । मानिसको शरीरमा रेविजको भाइरस प्रवेश गरेको ३० देखि ६० दिनमा रोग देखा पर्छ । तर कम्तीमा १० दिनमै वा वर्षौंपछि पनि देखा पर्न सक्ने सम्भावना हुने चिकित्सकले बताएका छन् । यस दिवसको उद्देश्य रेबिजविरुद्धको लडाइँमा सबै समूह, संगठन र सरोकारवालालाई एकजुट गराउने हो । ग्लोबल एलायन्स फर रेबिज कन्ट्रोलले सन् २००७ देखि विश्व रेबिजविरुद्धको दिवसको रुपमा मनाउन थालेको थियो । कालान्तरमा विश्व स्वास्थ्य संगठनले यस दिवसलाई समर्थन गरेको थियो । नेपालले सन् २०३० सम्म रेबिजलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । तर नेपालको सन्दर्भमा रेबिज चुनौती बन्दै गएको चिकित्सकहरुको भनाइ छ । अझै पनि ९९ प्रतिशत रेबिज कुकुरको टोकाइबाट हुने गरेको छ । रेविज रोग, रेविज लागेका कुकुर, स्याल, बिरालो लगायतका पशुको टोकाईबाट मानिस र अरु स्तनधारी प्राणीमा सर्ने प्राणघातक रोग हो । रोगका जिवाणुहरु रोगी पशुको ऱ्यालमा रहने भएकाले त्यस्ता पशुले टोक्दा घाउसँगै मानिसको शरीरमा प्रवेश गरी रोग उत्पन्न गर्छन् । मानिसको शरीरमा रेविजको भाइरस प्रवेश गरेको ३० देखि ६० दिनमा रोग देखा पर्छ । तर कम्तीमा १० दिनमै वा वर्षौंपछि पनि देखा पर्न सक्ने सम्भावना हुने चिकित्सकले बताएका छन् । रेबिज प्राणघातक रोग भएकाले रोगबाट जोगिन खोप लिनै पर्ने तथा बौलाहा पशुले टोकेको शंका लागेमा तत्काल साबुन पानीले धुने जस्ता रोकथामका उपाय अपनाउनुपर्ने चिकित्सकको सुझाव छ ।

## पाल्पा उद्योग वाणिज्य संघको...

...साधारण सभामा संघका निवर्तमान अध्यक्ष शैलेन्द्र भट्टराई, लुम्बिनी प्रदेशका सांसद विरबहादुर राना, पूर्व उद्योगमन्त्री सोमप्रसाद पाण्डेय, संविधानसभा सदस्य नारायणी शर्मा, उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष राजु महर्जन, राष्ट्रिय स्वतन्त्र पार्टीका पाल्पा सभापति विष्णुप्रसाद भण्डारी, नेपाली कांग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमाले पाल्पाका उपाध्यक्ष विमल कालृे, राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाका अध्यक्ष डुलबहादुर कुँवर, तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्की, पाल्पा व्यापार संघका अध्यक्ष विष्णु कार्की, पाल्पा अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्मचार्य र नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपाने लगायतले आ-आफ्ना धारणा राखेका थिए । यस्तै संघले सोही अवसरमा संघका सदस्यका छोराछोरीमध्ये नर्सिङ उत्तीर्ण गरेका कृतिशा बज्राचार्य र निशा रानालाई सम्मान गरेको थियो । यस्तै, आर्थिक अवस्था कमजोर तथा जेहेन्दार विद्यार्थी विज्ञान तिमिल्सिनालाई संगम मेडिकल छात्रवृत्तिअन्तर्गत नगद १० हजार रुपैयाँ प्रदान गरिएको थियो । फरक क्षमता भएका विद्यार्थी कुशल रानालाई पनि संगम मेडिकल फरक क्षमता छात्रवृत्तिअन्तर्गत नगद १० हजार रुपैयाँसहित सम्मान गरिएको संघका सचिव सुरेश गोदारले जानकारी दिए । यस्तै नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय अधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित संघका सल्लाहकार संयोजक मोहनप्रसाद श्रेष्ठ तथा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशको अधिवेशनबाट एसोसिएट उपाध्यक्षमा निर्वाचित संघका पूर्व अध्यक्ष राजु महर्जनलाई समेत सम्मान गरिएको थियो । संघले सामाजिक उत्तरदायित्वअन्तर्गत तानसेनमा सञ्चालन हुने जात्रा तथा पर्वका लागि सहयोग गर्नुका साथै मुटुरोगबाट पीडित दुई जना बिरामीलाई समेत आर्थिक सहयोग गरेको जनाएको छ । साधारण सभामा संघका अध्यक्ष समिरमान सिंहले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । महासचिव विनायक महर्जनले संघका गतिविधिसम्बन्धी प्रतिवेदन तथा कोषाध्यक्ष अमनप्रसाद श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम संघका अध्यक्ष समिरमान सिंहको अध्यक्षता, वाणिज्य उपाध्यक्ष रञ्जना अर्यालको धन्यवाद ज्ञापन, महासचिव विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## आज सूचनामा विश्वव्यापी...

...नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा २७ ले सूचनाको हक सम्बन्धी व्यवस्था गरेको छ । यो धाराले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर, कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । यस धाराका प्रावधान र बन्देजलाई अक्षरशः पालना गर्ने हो भने सन्तुलित नै हुनसक्छ तर स्वेच्छामा छोडिदिने हो भने सूचना प्रदायक निकाय र सूचना माग गर्ने नागरिकहरुको सम्बन्ध अनपेक्षित रुपमा शत्रुतामा पनि परिणत हुनसक्छ । सूचनामा पहुँचले सार्वजनिक निकायको पारदर्शिता र जवाफदेहिता बढाउँछ, भ्रष्टाचारका अवसर घटाउँछ, सचेतनाका कारण सेवा प्रवाहमा सुधार गर्छ, सुशासनका लागि योगदान गर्छ, सूचना खोज्न नागरिकलाई सशक्त बनाउँछ, नागरिकको सहभागिता बढाउँछ, सार्वजनिक निकाय र नागरिकबीचको खाडल घटाउँछ र सार्वजनिक निकायउपर सर्वसाधारण नागरिकको विश्वास बढाउँछ । विशेष गरी ग्रामीण क्षेत्रका नागरिक, सीमान्तकृत समुदाय र पिछडिएका समुदायमा सूचनाको हकका बारेमा अझै पर्याप्त जानकारी र चेतना पुग्न बाँकी रहेको छ । आयोग, सूचनाको हकका अभियानकर्मी तथा आमसञ्चार माध्यमबाट सूचना प्रवाह गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक निकाय र सूचनाको आवश्यकता पर्ने नागरिक तहमा चेतनाको स्तर बढाउन प्रयास भइरहेको आयोगले जनाएको छ ।

### खेलकुद समाचार

## पुरुष ब्याडमिन्टनमा नेपाल इरानसँग पराजित

20th Asian Games Aichi-Nagoya 2026

**काठमाडौं,** असोज ११/जापानमा चलिरहेको २०औँ एशियाली खेलकुदअन्तर्गत ब्याडमिन्टनको पुरुष एकलतर्फ नेपाली खेलाडी क्षितिज खनाल अन्तिम-३२ बाट बाहिरिएका छन् । चिनोमिया सिटी म्युनिसिपल जिम्नेसियममा हिजो भएको खेलमा क्षितिज इरानका निमा रोस्तामपुरलागाल्दानीसँग २-० को सोझो सेटमा पराजित भएका हुन् । क्षितिजले १४-२१ र ९-२१ को नतिजा व्यहोरे । क्षितिजले पहिलो चरणमा मकाओका ची चोन पुईलाई २-० ले पराजित गरेका थिए । एसियाली खेलकुदको ब्याडमिन्टनमा नेपाली खेलाडीको यो एकमात्र जित हो । महिला एकलतर्फ रशिला महर्जन र रिहाना महर्जन पनि पहिलो चरणबाटै बाहिरिएका थिए । रशिला चीनकी वाङ झी यीसँग तथा रिहाना श्रीलङ्काकी रणिथ्मा थिनुडी वेहेनागेसँग पराजित भएकी थिइन् । मिक्स्ड डबल्सतर्फ क्षितिज-रिहाना तथा प्रफुल महर्जन-रशिलाको जोडी पहिलो चरणमै रोकिएको थियो । पुरुष डबल्समा क्षितिज-प्रफुल तथा महिला डबल्समा रशिला-रिहानाको जोडीले पनि पहिलो चरण पार गर्न सकेनन् । पुरुष एकलतर्फ प्रफुल महर्जन श्रीलङ्काका डुमिन्डु अबेविक्रमसँग पराजित हुँदै पहिलो चरणबाटै बाहिरिएका थिए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## प्याजको मूल्य बढ्यो



**पाल्पा,** असोज ११/ भारतबाट आयात हुने प्याजको मूल्य बढेपछि उपभोक्ता प्रभावित भएका छन् । चाडपर्व नजिकिँदै गर्दा प्याजको मूल्य प्रतिकिलो १२० रुपैयाँसम्म पुगेपछि गृहिणी, उपभोक्ता तथा होटल व्यवसायी थप आर्थिक भारमा परेका हुन् ।

प्याजको मूल्य बढेसँगै होटलमा परिकारको मूल्यसमेत बढाउनुपर्ने अवस्था आएको होटल व्यवसायीहरू बताउँछन् । भान्सामा दैनिक प्रयोग हुने प्याजको मूल्य एक्कासि बढेपछि उपभोक्ता चिन्तित बनेका छन् । भारतमा पछिल्लो समय प्याजको मूल्यमा तीव्र वृद्धि भएपछि नेपालमा पनि यसको मूल्य बढेको व्यवसायीहरू बताउँछन् । किसानले उत्पादन गरेको समयमा उचित बजार नपाउनु, भण्डारणको पर्याप्त व्यवस्था नहुनु तथा भारतीय प्याज तुलनात्मक रूपमा सस्तो हुनुजस्ता कारणले स्थानीय उत्पादनले उचित मूल्य पाउन नसकेका कारण व्याज बाहिरबाट ल्याउनु परेको छ । चाडपर्व नजिकिँदै गर्दा प्याजसँगै अन्य दैनिक उपभोग्य वस्तुको मूल्यसमेत बढेपछि यस वर्षको चाडपर्व खर्चिलो हुने उपभोक्ताहरूको गुनासो छ । आर्थिक वर्ष २०८२/८३ मा भारतबाट भिठामोड नाका हुँदै ४८ करोड ५० लाख ८८ हजार ४ सय रुपैयाँ मूल्य बराबरको १२ करोड १२ लाख ७ हजार २१० किलोग्राम प्याज नेपाल भित्रिएको छ । भारतबाट आयात भएको प्याज बजार हुँदै उपभोक्ताको भान्सासम्म पुग्दा प्रतिकिलो १२० रुपैयाँभन्दा बढी पर्ने गरेको व्यवसायीहरू बताउँछन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई